"इन्जिनियरिङ समुदायको
समुन्नतिः दशकको दृष्टिकोण"

# नेपाल इन्जिनियर्स एशोसिएसन
# ३४औं केन्द्रीय कार्यकारिणी समिति र तेस्रो प्रादेशिक समितिको
# निर्वाचनका लागि लोकतान्त्रिक मूल्य र मान्यता, इन्जिनियरिङ आदर एवम् पेसागत स्वतन्त्रताप्रति समर्पित उम्मेदवारहरूको

# प्रतिबद्धता पत्र
# २०८१



## पृष्ठभूमि

वि. सं. २०१९ (सन् १९६२) मा स्थापना भएको नेपाल इन्जिनियर्स एसोसिएसन (ने.ई.ए.) नेपालमा इन्जिनियरिङ पेशाको संरक्षण, सम्बर्द्धन तथा पहिचानको पक्षमा अग्रपङ्क्तिमा रहेको छ। विभिन्न विषयका ४३,००० भन्दा बढी इन्जिनियर तथा आर्किटेक्टहरूको प्रतिनिधित्व गर्दै देशको विकासका साथ साथै इन्जिनियर तथा आर्किटेक्टहरूको पेशागत प्रवर्द्धन गर्न संस्था निरन्तर प्रयत्नशील रहेको छ। नेपालमा इन्जिनियरिङ समुदायले सामना गरिरहेका विकसित चुनौतीहरूलाई सम्बोधन गर्दै समुदायको हकहितको संरक्षण एवं पेशागत मर्यादा अक्षुण राख्न आगामी ३४औं केन्द्रीय कार्यकारिणी समिति तथा तेस्रो प्रादेशिक समितिहरूको निर्वाचन समग्र इन्जिनियरिङ वर्गको लागि महत्त्वपूर्ण क्षण हो।

इन्जिनियरिङ समुदायका सम्मानित अग्रजहरूको निरन्तर योगदान तथा लोकतान्त्रिक लगावबाट संरक्षित तथा प्रवर्द्धित हुँदै आजसम्म आईपुगेको यस संस्थाको गरिमा र गुणस्तरलाई थप प्रभावकारी बनाउँदै समग्र इन्जिनियरहरुले गौरव गर्न सक्ने संस्था तथा वातावरण निर्माण गर्नु नै तपाईं, हाम्रो मूल दायित्व हो।

### हालसम्म लोकतान्त्रिक समुहका केही मुख्य उपलब्धिहरु:

- संस्थालाई आफ्नै भौतिक संरचनामा सञ्चालन
- नेपालमा इन्जिनियरिङ परिषद्को सस्थापनामा नेतृत्वदायी भुमिका निर्वाह र ने.ई.ए. को प्रतिनिधित्व सुनिश्चितता
- नेपाल सरकारका विभिन्न निकायमा प्राविधिक सचिव रहने प्रवन्ध
- गोरखा भुकम्प तथा विविध विपदका समयमा हजारौं तालिम प्राप्त इन्जिनियरहरूको यथासमयमै परिचालन
- ने.ई.ए. तालिम केन्द्रको स्थापना
- न्यूनतम वेतनको निर्धारण

साथै, अनवरत रुपमा नीतिगत तथा सान्दर्भिक विषयमा छलफल तथा पैरवी लगायत हालसम्म हुँदै आएका तमाम उपलब्धिहरु प्रति अनुग्रहित रहँदै यस्ता गतिविधिहरूको स्वामित्व लिन तथा थप प्रभावकारी संस्था निर्माण गर्न हामी प्रतिबद्ध छौं।

यसै सन्दर्भमा स्थापनाकाल देखि नै नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको लोकतान्त्रिक समुहको तर्फबाट यस निर्वाचनमा हामीले आफ्ना प्रतिबद्धताहरू यहाँ समक्ष पेश गरेका छौं। विक्रम संवतको २०९० सालसम्ममा नेपालमा इन्जिनियरिङ समुदायको दीर्घकालीन दृष्टिलाई मूल अन्तर्यमा राख्दै हामीले आफ्ना दृष्टि, रणनिति, लक्ष्य तथा कार्ययोजनाहरू यस प्रतिबद्धता पत्रमा उल्लेख गरेका छौं।

**रणनीतिक क्षेत्रहरू: चार 'स' (सबलीकरण, सहयोग, सहकार्य, संरक्षण)**

### नेपाल इन्जिनियर्स एसोसिएसनको सबलिकरण

- इन्जिनियरहरूको बृहत्तर समुन्नति ने.ई.ए.को संस्थागत सबलतासँग प्रत्यक्ष रूपमा निर्भर रहन्छ।
- अग्रजहरूले स्थापना र प्रबर्द्धन गरेको यस संस्थालाई हार्दिक कृतज्ञतासहित ग्रहण गर्दै समयानुकूल थप सबल तथा युगानुकूल बनाउँदै लैजानु हाम्रो मूल लक्ष्य हो।

### इन्जिनियरहरूको क्षमता अभिवृद्धि तथा पेशागत सहयोग

- नेपालको समग्र समुन्नतिको लागी इन्जिनियरिङ सेवाको गुणस्तर अपरिहार्य आवश्यकता हो।
- इन्जिनियरहरूको परिष्कृत पेशागत दक्षताले राष्ट्र निर्माण तथा जनताको जीवनस्तर उकास्न समेत भूमिका खेल्दछ।
- इन्जिनियरहरूको क्षमता अभिवृद्धि गर्दै पेशागत जीवनका हरेक आयामहरूमा निरन्तर आत्मीय सहायता प्रदान गर्ने संस्थाको रूपमा यस संस्थालाई विकसित गर्ने हाम्रो लक्ष्य हो।

### एकता, सहकार्य तथा गुणस्तर सहितको सामाजिक आदर्श निर्माण

- एकता बिना सामुहिक समुन्नतिका उच्चतम लक्ष्यहरू प्राप्त गर्न सकिँदैन।
- एकता र सहकार्यको माध्यमबाट गुणस्तरीय सेवा प्रदान गर्दै समाज तथा जनस्तरमा इन्जिनियरिङ समुदायको वृहत छवि निर्माण गर्नु आजको आवश्यकता हो।

### हकहितको संरक्षण तथा पैरवी

- कर्तव्य निर्वाहमा निरन्तर लागिरहेका इन्जिनियरहरुको हकहित तथा अधिकार यस संस्थाको सरोकारको आधारभुत विषय हो।
- इन्जिनियरहरूको ऐक्यबद्ध आवाजको रूपमा सरोकारवाला कार्यकारी निकायहरुलाई सचेत गराउने तथा नवीन परिस्थिति अनुरुपमा मुद्दाहरूको पैरवी गर्दै अधिकारको प्रवर्द्धन गर्नु यस संस्थाको मूल दृष्टिकोण रहने छ।

## नेपाल इन्जिनियर्स एसोसिएसनको सबलिकरण

इन्जिनियरहरूको बृहत्तर समुन्नति ने.ई.ए.को संस्थागत सबलतासँग प्रत्यक्ष रुपमा निर्भर रहन्छ। अग्रजहरूले स्थापना र प्रबर्द्धन गरेको यस संस्थालाई हार्दिक कृतज्ञतासहित ग्रहण गर्दै समयानुकूल थप सबल तथा युगानुकूल बनाउँदै लैजानु हाम्रो मूल लक्ष्य हो।

| ८०को दशकको दृष्टिकोण | आधार | ३४औं समितिको लक्ष्यहरू |
|---|---|---|
| संस्थाको विकेन्द्रीकरण तथा क्षमता विस्तार | हाल संस्थाको केन्द्रीय समिति साथै लुम्बिनी र कोशी प्राद्रेशिक समितिहरू आफ्नै भवनमा सञ्चालनमा रहेको तथा जनकपुर प्राद्रेशिक समितिले भवनका लागि जग्गा प्राप्त गरिसकेको। | • सबै प्राद्रेशिक समितिहरूले जग्गा प्राप्ति गरि आफ्नै भौतिक संरचना निर्माण आरम्भ भएको हुनेछ।<br>• विधानमा उल्लेखित संरचनात्मक व्यवस्था र बुँदाहरूको पूर्णरूपमा कार्यान्वयन हुनेछ। |
| आर्थिक रूपमा सक्षम तथा दिगो संस्था निर्माण | केन्द्रीय समितिको आफ्नै भवनको भाडा तथा केही तालिममार्फत संस्थाको आर्थिक व्यवस्थापन भई आएको। | • तालिम तथा सर्टिफिकेशनहरू प्रदान गर्ने लगायतका स्रोतहरूको विस्तार गर्ने।<br>• संस्थाको स्रोत विस्तारको योजना निर्माण गरिनेछ। |
| सर्वस्वीकार्य विशिष्ट सञ्चालन प्रकृया सहितको अन्तराष्ट्रिय पहिचान प्राप्त संस्था | हाल केन्द्रीय समितिको दैनिक कार्यका लागी आफ्नै भौतिक संरचना तथा सचिवालय विद्यमान रहेको। | ISO मान्यता प्राप्त गर्ने विशिष्ट सञ्चालन प्रकृया (SOP) तयार तथा स्वीकृत गरि कार्यान्वयन गरिनेछ। |

## कार्यक्रम एवम् कृयाकलापहरू

- ने.ई.ए.का विभिन्न कार्यक्रमहरू सञ्चालनको पारदर्शिताको लागि कार्यविधिहरू बनाई लागू गर्ने।
- ने.इ.ए.का प्रादेशिक संरचनाहरूको व्यवस्था तथा कार्यान्वयनलाई निरन्तरता दिँदै हरेक प्रादेशिक समितिहरूको भौतिक संरचना निर्माणका लागि जग्गा प्राप्ति गरि आफ्नै भवन निर्माण, क्षमता अभिवृद्धि एवं थप सबलीकरण गर्ने।
- ने.ई.ए.को मुख्य आय श्रोतको रुपमा रहेको सदस्यता शुल्कको निर्भरता कम गरी अन्य सम्भावित श्रोतहरू (तालीम र ज्ञान मूलक सामाग्री Publication एवम् बिक्री, तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन आदी) को पहिचान, शुल्क रकम तोक्ने आधार र सो रकमको उपभोग्यता अध्ययन गरी प्रतिवेदन तयारी एवं सार्वजनिक गर्न एक समिति बनाई अध्ययन गर्ने र सम्भव भए सम्म शुल्क घटाउन प्रयत्न गर्ने।
- ने.ई.ए.मा एक जना स्वतन्त्र इन्जिनियर (कार्यसमिति बाहिर) को संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति बनाई प्रत्येक कमिटीका कार्यहरू अर्धवार्षिकरूपमा मूल्याङ्कन गर्न कार्यविधि/म्याट्रिक्स निर्माण गरी प्रकाशन गर्ने।
- नेपाल इन्जिनियर्स एशोसिएसनको सञ्चालनका लागि आवश्यक दस्तावेज, निर्देशिका लगायत विशिष्ट सञ्चालन प्रकृया (SOP) तयार गर्ने र ISO9001:2015 सर्टिफिकेसन लिने।

## इन्जिनियरहरूको क्षमता अभिवृद्धि तथा पेशागत सहयोग

नेपालको समग्र समुन्नतिको लागी इन्जिनियरिङ सेवाको गुणस्तर अपरिहार्य आवश्यकता हो। इन्जिनियरहरूको परिष्कृत पेशागत दक्षताले राष्ट्र निर्माण तथा जनताको जीवनस्तर उकास्न समेत भूमिका खेल्दछ। इन्जिनियरहरूको क्षमता अभिवृद्धि गर्दै पेशागत जीवनका हरेक आयामहरूमा निरन्तर आत्मीय सहायता प्रदान गर्ने संस्थाको रूपमा यस संस्थालाई विकसित गर्ने हाम्रो लक्ष्य हो।

| ८०को दशकको दृष्टिकोण | आधार | ३४औं समितिको लक्ष्यहरू |
|---|---|---|
| सरकार, शैक्षिक संस्था तथा निजी क्षेत्रसँगको वृहत सहकार्य | विभिन्न निकाय तथा संस्थाहरू (जस्तै: NEA, NOC, KU आदि) सँग सम्झौता भई थप संस्थाहरूसँग समेत छलफलको क्रममा रहेको | सरकारी, शैक्षिक संस्था तथा निजी क्षेत्रसँगको वृहत सहकार्य को लागी छुट्टै अधिकारसम्पन्न लक्षित समिति गठन गरिनेछ। |
| इन्जिनियरिङ अनुसन्धान तथा तालिम केन्द्रको परिकल्पना | • ने.ई.ए.मा हाल आफ्नो तालिम हल रहेको<br>• इन्जिनियरिङ स्टाफ कलेज स्थापनाको लागी नीतिगत व्यवस्था गर्न नेपाल सरकारको अर्थ मन्त्रालयसम्म दस्तावेज पुगेको | • ने.ई.ए. अन्तर्गत आफ्नै अनुसन्धान तथा तालिम केन्द्र सञ्चालन गर्ने<br>• नेपाल सरकारबाट स्टाफ कलेजको स्थापना गर्न भएका पहलहरूलाई निरन्तर कायम राख्दै सोहि प्रबन्ध भईआएमा नेइए द्वारा स्थापित हुने भनिएको केन्द्रलाई सोहि मातहतमा समायोजन गर्ने तथा त्यसका थप सञ्चालन प्रकृयाहरूमा नियमित सहायता गर्ने |
| जब पोर्टल | हाल व्यक्तिगत पहुँचको आधारमा सहयोग हुँदै आएको | इन्जिनियरहरूको विवरण तथा रोजगारदाता संस्थाहरूको आवश्यकता सम्बन्धि संयुक्त जब वेब पोर्टल निर्माण गरि सञ्चालन गर्ने |
| इन्जिनियरिङ व्यवसाय अंकुरण (Incubation) तथा नवप्रवर्तन केन्द्र | ने.इ.ए बिजनेश इन्कुबेशन केन्द्र सञ्चालनको लागी स्थान तोकिएको | इन्जिनियरिङ व्यवसाय अंकुरण तथा नवप्रवर्तन केन्द्रको सोचपत्र तयार गर्ने एवं कोषको प्रवन्ध गर्न पहल गर्ने |
| इन्जिनियरहरूको लागि मार्गदर्शन | इन्जिनियरहरूलाई आवश्यक विविध विधाका विज्ञ परामर्शहरू तथा अन्य मार्गदर्शनहरू हाल व्यक्तिगत सम्बन्धहरूमा सिमित रहेको | विधागत विज्ञहरूको सुचि तयार गरि खुला मार्गदर्शन सेवा प्रदान गर्ने कार्ययोजना निर्माण |

## कार्यक्रम एवम् कृयाकलापहरू

- इन्जिनियरिङ विधा सँग सम्बन्धित कम्तीमा २० वटा सरकारी निकाय , शैक्षिक संस्था र निजी संस्थासँग सहकार्य गरी सो सङ्घ संस्थाहरूको क्षमता स्तरोन्नतिमा सहयोग गर्ने एवम् इन्जिनियरहरूलाई अवसर सृजना हुने कार्यहरू सञ्चालन गर्न पहल गर्ने।

- इन्जिनियरिङ शिक्षा प्रदायक संस्थाहरूको बीचमा समन्वय गरी Internship सहितको वैज्ञानिक र आधुनिक पाठ्यक्रम तयार गरी सम्भव भए सम्म एकरूपता स्थापना गर्न प्रयास गर्ने र इन्जिनियरिङ स्नातकोत्तर वा विद्यावारिधिमा अध्यापन हुने शिक्षण संस्थाहरुमा रिसर्च वा अध्यापनमा संलग्न गराइ रोजगारी एवं छात्रवृत्तिको व्यवस्थाका लागि पहल गर्ने। निजी इन्जिनियरिङ कलेजमा नेपाल सरकारले छुट्टाइएको १०% छात्रवृत्ति कोटाका विषयमा वैज्ञानिक र पारदर्शी प्रकृया र प्रावधान लागू गर्न पहल गर्ने।

- इन्जिनियर/आर्किटेक्टहरूको आफ्नो क्षेत्रमा सीप तथा क्षमता वृद्धि अद्यावधिक गर्न ने.इ.ए. मा स्थापित तालिम केन्द्रका माध्यमबाट Refresher Course, Professional Training आदीका पाठ्यक्रम तयारी एवं नियमित रूपमा केन्द्रीय, प्रादेशिक तथा स्थानीय तहमा प्रभावकारिताका साथ तालिम सञ्चालन गर्ने। दीर्घकालीन रूपमा जरूरी हुने यस्ता अनवरत तालिमहरूका लागि इन्जिनियरिङ्ग स्टाफ कलेज स्थापनातर्फ निर्णायक भूमिका निर्वाह गर्ने।

- इन्जिनियर/आर्किटेक्टहरूलाई अनुसन्धानमूलक कार्य, नविनत वस्तु वा सेवा विकास एवम् बजारीकरण गर्न प्रोत्साहित गर्नको लागि अनुसन्धान र नविनतम कोषको स्थापना गर्ने।

- इन्जिनियरिङ क्षेत्रमा बढ्दो बेरोजगारी, पारिश्रमिकमा शोषण र सेवा सुविधा, रोजगारी सूचनाको अव्यवस्थित उपलब्धता र अपारदर्शिताका समस्याहरू कम गर्न हरेक वर्ष Job Fair गर्ने र वेव जव पोर्टलको निर्माण र Start-Up वा व्यवसाय सुरु गर्न सहयोग गर्ने।

- Artificial Intelligence, Machine Learning, Robotic Process Automation, Edge Computing, Virtual Reality, Cyber Security, Block Chain तथा Internet of Things जस्ता भविश्यमा राष्ट्रको विकासका लागि आवश्यक र अन्तर्राष्ट्रिय रूपमा पनि सेवा दिन सकिने क्षेत्रको जनशक्ति उत्पादनका लागि विभिन्न विश्वविद्यालयहरू सँग कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक समन्वय एवम् पहल गर्ने।

- ठुला आयोजनामा नेपाली संस्थाहरू, अनुभवी इन्जिनियरहरू, र फ्रेशर इन्जिनियरहरूको सहभागिता सुनिश्चित गर्न पहल गर्ने।

## एकता, सहकार्य तथा गुणस्तर सहितको सामाजिक आदर्श निर्माण

एकता बिना सामुहिक समुन्नतिका उच्चतम लक्ष्यहरू प्राप्त गर्न सकिँदैन। एकता र सहकार्यको माध्यमबाट गुणस्तरीय सेवा प्रदान गर्दै समाज तथा जनस्तरमा इन्जिनियरिङ समुदायको वृहत छवि निर्माण गर्नु आजको आवश्यकता हो।

| ८०को दशकको दृष्टिकोण | आधार | ३४औं समितिको लक्ष्यहरू |
|---|---|---|
| ने.ई.ए.लाई विधागत इन्जिनियरिङ संस्थाहरूको महासङ्घको रुपमा विकास गर्ने | हाल इन्जिनियरिङ समुद्रायका विविध विधागत संस्थाहरुलाई सिमित पूर्वाधारहरू उपलब्ध गराईएको | महासङ्घको संरचनागत स्वरूप र सञ्चालन बारे आधिकारिक दस्तावेज तयार गर्ने, हाल आबद्ध विभिन्न पेशागत संस्थाहरुलाई नियमित बजेटको प्रबन्ध गर्ने |
| राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा संस्थागत सम्बन्धहरू तथा पहिचान | हाल ९ वटा भन्दा बढी अन्तराष्ट्रिय संस्थाहरुसँग सम्झौता गरी विविध कार्यक्रमहरुमा संस्थागत सहभागिता जनाईएको | थप अन्तराष्ट्रीय सँस्थाहरू सँग सहकार्यको सम्झौता गर्ने तथा राष्ट्रीय अन्तराष्ट्रीय तहका कार्यक्रमको सहभागिता प्रत्येक साधारण सदस्य समेतले भाग लिन सक्ने गरि पारदर्शी प्रक्रिया निर्धारण गर्ने |
| महशुस गर्न सकिने र गतिशील ने.ई.ए. | वेब पोर्टल नविकरण गरिएको, वार्षिक कार्यक्रम, जर्नल तथा वार्षिक प्रगति विवरणहरू सार्वजनिक गर्ने गरिएको | • थप नियमित तथा गुणस्तरीय प्रकाशनहरू तथा विशेषांकहरू प्रकाशन गर्ने<br>• मोबाईल एप निर्माण गर्ने |
| आदर्शवान तथा सदाचारी इन्जिनियर समुदाय निर्माण | • "Ethical Engineering for Social responsibility" शिर्षकमा राष्ट्रीय स्तरको कार्यक्रम तथा विविध गरिएको<br>• नेइपको आचारसंहिता सम्बन्धि जागरण कार्यक्रमहरू गरिएको | ने.ई.ए. अन्तर्गत इन्जिनयरिङ समुद्रायको आदर्श तथा आचारसंहिता सम्बन्धि समिति गठन गर्ने र कार्ययोजना तयार गर्ने |
| देश र समाजका लागि सेवा पुर्याउने इन्जिनियरहरूको पहिचान तथा प्रबर्द्धन | हाल नियमित रूपमा विधागत हिसाबले सम्मान प्रदान गर्ने गरिएको | थप पारदर्शी प्रक्रिया साथै अन्य विधा थप गरी निरन्तरता दिने |

## कार्यक्रम एवम् कृयाकलापहरू

- ने.इ.ए.लाई Engineering Knowledge Centre का रूपमा स्थापना गर्न प्राविधिक प्रकाशनहरू संकलन गर्ने, Knowledge सृजनाका लागि अध्ययन संस्थान तथा अनुसन्धान केन्द्रहरू सँग सहकार्य गर्ने र सो संस्थाहरूबाट उत्पन्न भएका अनुसन्धान वस्तुहरूको बारेमा जानकारी मुलक सुचना संकलन गरी प्रदर्शनी मा राख्ने र समसामयिक समस्याहरूका बारेमा छलफल एवं बहसहरू सञ्चालन एवं दस्तावेजिकरण गर्ने। साथै सरकारी मापदण्ड एवं कार्यविधिहरूको निर्माण, समय सापेक्ष परिमार्जन एवं कार्यान्वयनका लागि पैरवी एवं सहयोगी भूमिका निर्वाह गर्ने।

- इन्जिनियरहरूको रोष्टर निर्माण गरी Engineer to Society Program सञ्चालनमा लाउने जस अन्तर्गत राष्ट्र सेवाका लागि १० वर्ष बढी अनुभव भएका इन्जिनियरहरूलाई नीति निर्माण तथा परियोजना तहमा अनुगमन, मुल्याङ्कन एवम् सल्लाहकारका रूपमा, मध्य अनुभवी इन्जिनियरहरुलाई सामाजिक र व्यक्तिगत समस्याहरुलाई समाधानका लागि मार्गदर्शन, नयाँ इन्जिनियरहरुलाई मार्गदर्शन, उद्योग तथा कल कारखाना तथा निकायहरुलाई आधारभूत इन्जिनियरिङ्ग सम्बन्धी जानकारी उपलब्धता अवैतनिक रुपमा ने.इ.ए.को माध्यमबाट सेवाको व्यवस्था गर्ने। ने.ई.ए.ले समाज र इन्जिनियरहरु बिच सेतुको रुपमा कार्य गर्नका लागि केन्द्रिय कार्यालयमा Engineer Help Desk तथा कार्यालय समयमा Toll-free Telephone Line को व्यवस्था गर्ने।

- ने.ई.ए. कानुनी सेल निर्माण गरी इन्जिनियरहरुको व्यवसायिक जीवनमा आइपर्ने कानूनी समस्याहरु (पर्याप्त अनुसन्धान नभई सकेका कतिपय विषयहरुमा भएका त्रुटिलाई लिएर इन्जिनियर तथा इन्जिनियरिङ्ग संस्थाहरुले बेहोरि रहेको कानुनी झन्झट आदी) को समाधान गर्न आवश्यक सहयोग गर्ने।

- केन्द्रीय स्तर एवं सबै प्रदेशमा महिला इन्जिनियरिङ्ग समाजको स्थापना साथै महिलामैत्री तथा सुरक्षित वातावरण सहितको कार्यकक्ष सिर्जना गर्न पहल गर्ने।

- इन्जिनियरहरुको कार्य क्षेत्रमा हुने लैगिंक, जातीय हिंसा र भेदभाव तथा पेसागत गुनासाहरु लाई सम्बोधन गर्न Grievance Redressal Mechanism तयार गरी समिति मार्फत कार्यान्वयन गर्ने।

- विभिन्न इन्जिनियरिङ्ग विधागत पेशागत संघ संस्थाहरुसँग सहकार्य गरी आबद्धता लिएका संस्थासँग कार्यक्रमहरु सह-आयोजना गर्न केही रकम उपलब्ध गराउने।

- इन्जिनियरहरूका बीच बृहत छलफल सञ्चालन गरी ने.ई.ए.को अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कार्य योजनाहरू निर्माण गरी कार्यान्वयनमा सहभागी गराउन प्रयास गर्दै हरेक इन्जिनियरले यस संस्थाको स्वामित्व ग्रहण गर्ने वातावरण सृजना गर्ने।

- अन्तर्राष्ट्रिय संस्थाहरु (WFEO, FEISCA, ASCE, FEIAP, ASHRAE आदी) र राष्ट्रिय संस्थाहरु (SCAEF, SONA, SOMEN, SOPHEN, NVA, SEANep, NSAE, GES, SECEN, RUPSON आदी) सँग सक्रिय रुपमा सहकार्य एवम् यस एसोसियसनमा आवद्ध संघ संस्था र इन्जिनियरले भोगेका समस्याहरु समाधान गर्न प्रयास गर्ने।

- नियमित कार्यहरु जस्तैः न्युजलेटर, बुलेटिन तथा Peer Reviewed Journal नियमित रूपमा प्रकाशन गर्नका साथै इन्जिनियरहरुको राष्ट्रिय सम्मेलन, सेमिनार, गोष्ठी, तालिम, अनौपचारिक शिक्षा तथा समसामयिक विषयमा प्रवचन कार्यक्रमहरुको आयोजनालाई निरन्तरता दिने। इन्जिनियरहरु बीच सम्बन्ध विस्तार तथा सुधारका लागि खेलकुद र इन्जिनियरिङ महोत्सव आयोजना गरी इन्जिनियरीङ्ग एकता प्रवर्द्दन गर्ने।

- प्राविधिक विषय सँगै दिगो विकास प्राप्तिका लागि आवश्यक अन्य क्षेत्रहरु जस्तै वातावरणीय संरक्षण, जन स्वास्थ्य तथा विपद जोखिम व्यवस्थापन, हरित प्रविधि, नविकरणीय ऊर्जा तथा ऊर्जा दक्षता, मौलिक तथा परम्परागत ज्ञान, सीप र प्रबिधि प्रयोग जस्ता आम सरोकारका विषयमा सचेतनाका कार्यक्रम सञ्चालन गरिने तथा नीतिगत हस्तक्षेप गर्न पहल गर्ने।

- इन्जिनियर समुदायका व्यक्तिलाई नयाँ व्यापार सुरु गर्न र सञ्चालनमा रहेका व्यापार व्यवसायको बजारीकरणमा ICT प्रयोग, सहकार्य, नीति नियम तर्जुमा आदीको नेतृत्व सहित प्रोत्साहन गर्ने।

- इन्जिनियरिङ विधामा कम्तीमा स्नातक तहको शैक्षिक प्रमाणपत्र प्राप्त गरेकाले मात्र इन्जिनियर उपाधि लेख्न पाउने कानूनी व्यवस्था गर्न पहल गर्ने।

- नेपाली इन्जिनियरहरुले राष्ट्र निर्माणको क्रममा गरेका उल्लेखनीय योगदानलाई जनसमक्ष पुर्याउनु र प्रोत्साहन गर्नका साथै इन्जिनियरिङ्ग पुरस्कार तथा सराहना पत्र दिने कार्यलाई निरन्तरता दिईनेछ।

- ने.ई.ए.का सम्पूर्ण जानकारीहरू मोबाइल एप तयार गरी र वेबसाइट स्तरोन्नति गरेर उपलब्ध गराउने।

## हकहितको संरक्षण तथा पैरवी

कर्तव्य निर्वाहमा निरन्तर लागिरहेका इन्जिनियरहरुको हकहित तथा अधिकार यस संस्थाको सरोकारको आधारभुत विषय हो। इन्जिनियरहरुको ऐक्यबद्ध आवाजको रुपमा सरोकारवाला कार्यकारी निकायहरुलाई सचेत गराउने तथा नवीन परिस्थिति अनुरुपमा मुद्दाहरुको पैरवी गर्दै अधिकारको प्रवर्द्दन गर्नु यस संस्थाको मूल दृष्टिकोण रहने छ।

| ८०को दशकको दृष्टिकोण | आधार | ३४औं समितिको लक्ष्यहरु |
|---|---|---|
| पेशागत सुरक्षाको | • विभिन्न संस्थाहरुमा इन्जिनियरहरुको योग्यता मुताविकको पद सिर्जना गर्न तथा कायम दरवन्दिको सकारात्मक पुनरावलोकन<br>• न्यूनतम वेतन निर्धारण गरिएको | राज्यको आवश्यकता तथा इन्जिनियरहरुको योग्यता अनुसार न्यूनतम सातौं तह वा सो सरह सेवा प्रवेशको प्रबन्ध गर्ने गरि पैरवी गर्ने<br>ने.इ.प.सँग सहकार्य गरि न्यूनतम तलब लागू गर्ने |
| इन्जिनियरहरूको कार्यस्थलमा सुरक्षा | • समिति गठन गरिएको<br>• तालिम सञ्चालन गरिएको | इन्जिनियरहरु कार्यरत रहेको कम्तिमा ३ वटा संस्थाको कार्यस्थल सुरक्षाको स्थिति तथा अभ्यासहरु बारे पाईलटिङ् गर्ने<br>तालिमको निरन्तरता दिने<br>अनिवार्य दुर्घटना बीमा गर्ने प्रबन्ध गराउने |
| गुनासो व्यवस्थापन प्रणाली | ञ्रचयलतझउचयचबचथ क्ष्ककगभक समिति मार्फत काम गर्ने गरिएको | इन्जिनियरिङ् हटलाईन सेवा सञ्चालन गर्ने<br>गुनासो समाधानका सम्बन्धित निकाय पहिचान गरि सेवा लिन सक्ने स्तरको सम्बन्ध स्थापित गर्ने<br>वेब तथा मोबाइल एप्लिकेसन बाट गुनासो राख्न सकिने प्रबन्ध गर्ने |
| E–governance कार्यन्वयन का लागि नेपाल सरकार लागि सहयोग पुराउने र digital transformation को पैरवी गर्ने | वृहत कार्यक्रम गरिएको | पैरवीलाई निरन्तरता दिने<br>विज्ञहरूको सुचि तयार गर्ने |

## कार्यक्रम एंवम कृयाकलापहरू

- सबै सरकारी तहमा इन्जिनियरिङसँग सम्बन्धित दरबन्दीलाई पुनरावलोकन गर्दै वस्तुपरक बनाउन, सरकारी सेवा प्रवेश गर्दा इन्जिनियरलाई अनिवार्य रूपमा कम्तीमा ७ औ तहमा गराउन, विकास निर्माण तथा प्रविधिसित सम्बद्ध मन्त्रालय एवं यसका अन्तर्गतका कार्यालय र आयोजनाहरूका शीर्षस्थ पदमा इन्जिनियर रहने स्थितिको सिर्जना गर्न, स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत जेष्ठताका आधारमा हुने व्यवस्था गर्न, राष्ट्रिय योजना आयोग तथा प्रादेशिक योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना तथा सञ्चार मन्त्रालय, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय लगायतका सार्वजनिक निकायहरूमा इन्जिनियर सचिव रहने गरि दरबन्दी सृजना गर्न पहल गर्ने।

- हरेक क्षेत्र (सरकारी, नीजि, शैक्षिक क्षेत्र) मा कार्यरत इन्जिनियरको पेशागत हक हितको संरक्षण, न्यूनतम तबलको सुनिश्चितता, वृत्ति विकासका लागि पैरवीलाई निरन्तरता दिने । साथै इन्जिनियर/आकिर्टिक्टहरू माथि हुने दुर्व्यवहार, यातना तथा हिंसाका सन्दर्भमा त्यस्ता घटना हुन नदिन सक्रिय हुनुका साथै भएका घटनाहरूमा सम्बद्ध निकायहरूसँग समन्वय गरी दोषी माथि कारवाही र क्षतिपूर्तिका लागि पहल गर्ने।

- हरेक इन्जिनियरिङ विधाको पेशागत अधिकार सुनिश्चित गर्न अन्य विधाको कार्य गर्ने प्रवृति कम गर्ने, भवनको नक्शा पास गर्दा आर्किटेक्चरल र स्ट्रक्चरल सँगै इलेक्ट्रिकल एवं स्यानिटरी डिजाइन र नक्शा समेत पास गर्ने प्रावधान स्थापनाका लागि पहल गर्ने।

- आर्किटेक परिषद को स्थापना गराउन पहल गर्ने।

- पेशागत सुरक्षा तथा स्वास्थ्यको कार्यान्वयन हरेक इन्जिनियरको कार्यस्थलमा सुनिश्चित गर्न र कार्य क्षेत्रमा दुर्घटनामा परी अङ्गभङ्ग भएका तथा ज्यान गुमाएका इन्जिनियरहरूको सन्दर्भमा उपचार तथा क्षतिपूर्ति दिलाउन र परिवारका सदस्यको शिक्षा तथा रोजगारीका प्रबन्धका लागि पहल गर्ने। अस्पतालहरूसँग समन्वय गरी आधारभूत जाँच निःशुल्क वा सहुलियत दरमा गर्न पहल गर्ने । पेशागत सुरक्षा तथा स्वास्थ्यको कार्यान्वयन कम्तीमा ३ वटा संस्थाहरूमा नमुना रूपमा कार्यान्वयन गरी अन्य संस्थाहरूमा पनि कार्यान्वयन गराउन प्रोत्साहित गर्ने।

- पेशागत छानबिन गर्दा नियति त्रुटि वा मानवीय पेशागत त्रुटि बारे उचित अनुसन्धान गरी मात्र कारबाही गर्न र छानबिनका क्रममा इन्जिनियरिङ्ग परिषद् मार्फत इन्जिनियरको प्रतिनिधित्व सुनिश्चित गर्न इन्जिनियरिङ्ग परिषद् ऐनमा परिमार्जन गर्न पहल गर्ने।

- महिला इन्जिनियरहरूका हकमा हरेक कार्यस्थलमा Menstrual Leave र Maternal leave को प्रबन्ध अनिवार्य रूपमा कार्यान्वयन गर्न पहल गर्ने।

- इन्जिनियरिङ्ग कलेजहरूको थप गुणस्तर सुधारका लागि इन्जिनियरिङ्ग परिषद द्वारा गरिने अनुगमन तथा विश्वविद्यालय अनुदान आयोग (UGC) मार्फत गरिने Quality Assurance Accreditation (QAA) मा सहयोगी भूमिका निर्वाह गर्ने।

- नेपाल इन्जिनियरिङ्ग परिषद् मा दर्तावाल इन्जिनियरलाई अन्तरराष्ट्रिय बजारमा समानताका लागि Washington Accord वा सो सरह Accord को मान्यता दिलाउन ने.इ.ए.ले आवश्यक सहयोग गर्ने।

- स्थानीय तहमा थप इन्जिनियर/आर्किटेक्टहरूको दरबन्दी सिर्जना गर्न सम्वद्ध निकायलाई दबाब दिने र प्रदेश तथा स्थानीय तहमा समायोजन भएका इन्जिनियरहरू बृति विकासका लागि आवश्यक पहल गर्ने।

- हाल करार सेवामा कार्यरत ाT इन्जिनियरहरूका लागि स्थायी दरवन्दी स्वीकृत गर्न पहल गर्ने।

- Nepal ValuersÚ Association (NVA) सँग आबद्ध इन्जिनियरहरूलाई पेशागत क्षमताको अभिवृद्धिको लागि क्षमता विकासको कार्यक्रम सञ्चालन गर्नुका साथै पेशागत हक, हित तथा सुरक्षाको सुनिश्चतताको लागि आवश्यक नीति नियमको निर्माण गर्न आरम्भ गर्ने। नेपाल राष्ट्र बैंक, बैंकर्स एशोसिएसन, भ्यालुयर्स एशोसिएसन बीच समन्वय गरी एकीकृत नीति तर्जुमा गर्न पहल गर्ने र व्यवसायिक काम गर्दा इन्जिनियरहरू माथि परेको मुद्दा मामिलाहरुका सम्बन्धमा ल्याइएको कानूनी सेलमार्फत सहजीकरण गर्ने

- बायो मेडिकल, अटोमोवाईल, माईनिङ्ग, केमिकल, इन्भाइरोमेन्टल, ईन्डस्ट्रियल इन्जिनियरहरूको हकमा सार्वजनिक सेवामा नयाँ दरबन्दी सिर्जना गरी स्थायी पदपूर्ति गराउन पहल गर्ने।

## प्रवुद्ध इन्जिनियर तथा आर्किटेक साथीहरू,

साथीहरू ने.ई.ए.ले समुदायको आधुनिकीकरणका, समुन्नति र विकासको दिशामा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ। यस निर्वाचन समग्र इन्जिनियरिङ वर्गको लागि महत्त्वपूर्ण क्षण हो, जसले यस संस्थाको गरिमा र गुणस्तरलाई अझ मजबुत बनाउन मद्दत पुर्याउनेछ। आगामी दशकको दृष्टिकोणमा, संस्थाको सबलीकरण, इन्जिनियरहरूको क्षमता अभिवृद्धि, सामाजिक आदर्श निर्माण, र हकहितको संरक्षण जस्ता रणनैतिक क्षेत्रहरूमा ध्यान दिँदै इन्जिनियरिङ समुदायलाई थप सशक्त बनाउन प्रतिबद्धता व्यक्त गरेका छौं। लोकतान्त्रिक समूहको तर्फबाट प्रस्तुत गरिएको यो प्रतिबद्धता पत्रले ने.ई.ए.लाई अझ प्रभावकारी संस्था बनाउने र इन्जिनियरहरूको पेशागत भविष्यलाई उज्ज्वल बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरेका छौं। यस प्रतिबद्धता पत्रमा उल्लिखित मुद्दाहरूलाई प्रभावकारी रुपमा अघि बढाउन, लोकतान्त्रिक समूहका केन्द्र एवम् प्रादेशिक समितिका उम्मेदवारहरूलाई अत्याधिक मतले विजयी गराउन विनम्र आग्रह गर्दछौं।

## तपाईंहरूको सहयोगका लागि हार्दिक धन्यवाद।

"इन्जिनियरिङ समुदायको समुन्नतिः दशकको दृष्टिकोण"

# ने. इ. ए. ३४औं केन्द्रीय कार्यकारिणी समितिका लागि लोकतान्त्रिक समुह (CDEN) का उम्मेद्वारहरू

निर्वाचन मिती
भाद्र
२८



क्र.सं. ६
इ. सुवास चन्द्र बराल
अध्यक्ष
९८५११६६७२५



क्र.सं. ७
इ. प्रकाश के.सी.
उपाध्यक्ष
९८५१०८६९६२



क्र.सं. ६
इ. विनोद प्रकाश पण्डित
महासचिव
९८५११२९२०१



क्र.सं. ७
इ. अनिल मानन्धर
उप-महासचिव
९८५११८२८१६



क्र.सं. ७
इ. सुमन थापा
कोषाध्यक्ष
९८५१२४३६८३



क्र.सं. ७
इ कृष्ण प्रसाद पोख्रेल
सह-कोषाध्यक्ष
९८५१०६८५१४

## सदस्यहरू



क्र.सं. ६२
इ. यम कृष्ण पौडेल
९८५६०३८७०६



क्र.सं. ६३
इ. प्रभुराम पोखरेल
९८५१२२४२४३



क्र.सं. ६४
इ. एमेन्द्र गुरुङ
९८५१२४३३३१



क्र.सं. ६५
इ. अनिल पौडेल
९८५५०८६८००



क्र.सं. ६६
इ. संजय कुमार साह
९८४१४०१३६०



क्र.सं. ६७
इ. नेत्र प्रसाद देवकोटा
९८५११४१५८९



क्र.सं. ६८
इ. भैरब धिताल
९८४८७८०६३०



क्र.सं. ६९
इ. सुजन श्रेष्ठ
९८०११०४१०३



क्र.सं. ७०
इ. लोकेन्द्र अधिकारी
९८५१२०६४८५



क्र.सं. ७१
इ. विक्रम कुमार दास
९८५१३२८६४१



क्र.सं. ७२
आ. प्रियंका गुप्ता
९८१३६७११७७



क्र.सं. ७३
इ. जय किसुन राय
९८५५०६८६८८

"इन्जिनियरिङ समुदायको समुन्नतिः दशकको दृष्टिकोण"

## ने. इ. ए. प्रादेशिक कार्यकारिणी समिति, गण्डकी प्रदेशका लागि लोकतान्त्रिक समुह (CDEN) का उम्मेद्वारहरू

निर्वाचन मिती

**भाद्र २८**



क्र.सं. ६
**इ. सुवास चन्द्र बराल**
केन्द्रीय अध्यक्ष
९८५११६६७२५



क्र.सं. २
**इ. सन्तोष जि. सि.**
सभापति
९८४६०३८१४९



क्र.सं. २
**इ. अबित के. सि.**
गण्डकी प्रदेश केन्द्रीय सदस्य
९८५६०२०१०१



क्र.सं. २
**इ. बिशाल थापा**
उप-सभापति
९८५६०४४४०३



क्र.सं. २
**इ. निरोज लामिछाने**
सचिव
९८५६०७२००७



क्र.सं. २
**इ. मन्जु शिलाकार**
सहसचिव
९८४७६३४६०५



क्र.सं. २
**इ. विश्वाश आचार्य**
कोषाध्यक्ष
९८४६६४७९२८

### सदस्यहरू



क्र.सं. ११
**इ. महेन्द्र पौडेल**
९८४६३६१५६८



क्र.सं. १२
**इ. सक्षम अधिकारी**
९८४३१४२०५८



क्र.सं. १३
**इ. सञ्जय राज तिमिल्सिना**
९८४६५२८२७४



क्र.सं. १४
**इ. रोचक क्षेत्री**
९८५६०३४४५३



क्र.सं. १५
**इ. ध्रुव रेग्मी**
९८५६०१२६५५



क्र.सं. १६
**इ. निरोज घिमिरे**
९८५११८५६२६



क्र.सं. १७
**इ. लाल ब. खत्री**
९८४००६०४६६



क्र.सं. १८
**इ. मनोज गिरी**
९८५६०१२०१०



क्र.सं. १९
**इ. रमेश भट्ट**
९८४६२६०१७०



क्र.सं. २०
**इ. सुमन शर्मा**
९८४६०००२१३

"इन्जिनियरिङ समुदायको समुन्नतिः दशकको दृष्टिकोण"

# ने. इ. ए. तेस्रो प्रादेशिक कार्यकारिणी समिति, कोशी प्रदेशका लागि लोकतान्त्रिक समूह (CDEN) का उम्मेद्वारहरू

निर्वाचन मिती

भाद्र
२८



क्र.सं. ६ इ. सुवास चन्द्र बराल
केन्द्रीय अध्यक्ष
९८५११६६७२५



क्र.सं. १

**इ. जगरनाथ साह**
सभापति
९८५२०२८६२४



क्र.सं. १

**इ. उत्तम नारायण खरेल**
कोशी प्रदेश केन्द्रीय सदस्य
९८५२६४५१००



क्र.सं. १

**इ. उमेश तुम्वाहाङ**
उप-सभापति
९८६०४१७०४६



क्र.सं. १

**इ. अविनाश ठाकुर**
सचिव
९८५२०६२५३१



क्र.सं. १

**इ. पवन कार्की**
सहसचिव
९८४४६९४२७६



क्र.सं. १

**इ. सुधिर यादव**
कोषाध्यक्ष
९८४२०४५६६५

## सदस्यहरू



क्र.सं. १

**इ. सोमित कामत**
९८१२३७०४५५



क्र.सं. २

**इ. निशित मिश्र**
९८६२२०८६७८



क्र.सं. ३

**इ. नितु कोइराला**
९८४४६८६६३६



क्र.सं. ४

**इ. प्रशान्त अधिकारी**
९८४०९९३१३३



क्र.सं. ५

**इ. उज्जवल देव**
९८६२९३१२६८



क्र.सं. ६

**इ. अर्पण राउत**
९८६६३७८९६६



क्र.सं. ७

**इ. विशाल कुमार झा**
९८४२८२९१२३



क्र.सं. ८

**इ. ज्योति नारायण चौधरी**
९८०४०४४२१३



क्र.सं. ९

**इ. सुवर्ण कोइराला**
९८६२०७७५५०



क्र.सं. १०

**इ. राजकुमार ढकाल**
९८६२२३३४९८

"इन्जिनियरिङ समुदायको समुन्नतिः दशकको दृष्टिकोण"

# ने. इ. ए. तेस्रो प्रादेशिक कार्यकारिणी समिति, लुम्बिनी प्रदेशका लागि लोकतान्त्रिक समूह (CDEN) का उम्मेद्वारहरू

निर्वाचन मिती

भाद्र २८



क्र.सं. ६
**इ. सुवास चन्द्र बराल**
केन्द्रीय अध्यक्ष
९८५११६६७२५



क्र.सं. २
**इ. महेश्वर लम्साल**
सभापति
९८५७०७२१४६



क्र.सं. २
**इ. आकाश बर्मा**
लुम्बिनी प्रदेश केन्द्रीय सदस्य
९८४७२७६९२१



क्र.सं. २
**इ. शिव प्रसाद तिवारी**
उप-सभापति
९८०२६३९९८२



क्र.सं. २
**इ. प्रवेश पौडेल**
सचिव
९८५७०२५७५७



क्र.सं. २
**इ. संकल्प बुढाथोकी**
सहसचिव
९८४३७७९६२५



क्र.सं. २
**इ. प्रविन सापकोटा**
कोषाध्यक्ष
९८४३६९०९८२

## सदस्यहरू



क्र.सं. ११
इ. क्रितेश कु. श्रेष्ठ
९८५७०१६६८८



क्र.सं. १२
इ. दिपेश गौतम
९८१७५६९१३९



क्र.सं. १३
इ. कमल राज ढुंगाना
९८५७०७३०६८



क्र.सं. १४
इ. अफजल मोहम्मद हलवाई
९८२२५४४४६४



क्र.सं. १५
इ. जीवन पाण्डेय
९८४३२३२५०४



क्र.सं. १६
इ. अम्बिका ढुंगाना
९८४७०१२४२६



क्र.सं. १७
इ. दैवज्ञराज जोशी
९८४४९५३३८५



क्र.सं. १८
इ. रूपेश परियार
९८५८०६०२६२



क्र.सं. १९
इ. सुरक्षित ज्ञवाली
९८४३७८६८२६



क्र.सं. २०
इ. सुचित बिष्ट
९८५१०११३२६

"इन्जिनियरिङ समुदायको समुन्नतिः दशकको दृष्टिकोण"

# ने. इ. ए. तेस्रो प्रादेशिक कार्यकारिणी समिति, मधेश प्रदेशका लागि लोकतान्त्रिक समुह (CDEN) का उम्मेद्वारहरू

निर्वाचन मिती

भाद्र २८



क्र.सं. ६
**इ. सुवास चन्द्र बराल**
केन्द्रीय अध्यक्ष
९८५११६६७२५



क्र.सं. ३
**इ. अजित कु. यादव**
सभापति
९८५११११७५२



क्र.सं. ४
**इ. लक्ष्मण प्रसाद रजक**
मधेश प्रदेश केन्द्रीय सदस्य
९८४२८५२८३२



क्र.सं. २
**इ. भवेश मिश्र**
उप-सभापति
९८०३५३८३४६



क्र.सं. १
**इ. वेद प्रकश कुर्मी**
सचिव
९८६५१६०७५७



क्र.सं. ३
**इ. सफल कु. साह**
सहसचिव
९८१७६३२००३



क्र.सं. ३
**इ. उदित कु. यादव**
कोषाध्यक्ष
९८१९२७९४९८

## सदस्यहरू



क्र.सं. २३
**इ. दिपेश कु. यादव**
९८५४०७९२५४



क्र.सं. २४
**इ. साह नवाज**
९८०१६०७१०४



क्र.सं. २५
**इ. राम सैन कु. यादव**
९८४१३६०६१६



क्र.सं. २६
**इ. राजन झा**
९८४४४५२०१८



क्र.सं. २७
**इ. प्रेमचन्द्र यादव**
९८१८४०६६४८



क्र.सं. २८
**इ. डिकेश कु. यादव**
९८६१८४८३६१



क्र.सं. २९
**इ. सोनु कुमार**
९८६०३११२४७



क्र.सं. ३०
**इ. रूपेश कु. यादव**
९८०४८२९३२०



क्र.सं. ३१
**इ. मनिषा कु. कर्ण**
९८६०९२७१२०



"इन्जिनियरिङ समुदायको समुन्नतिः दशकको दृष्टिकोण"
ने. इ. ए. तेस्रो प्रादेशिक कार्यकारिणी समिति, सुदुरपश्चिम प्रदेशका लागि
लोकतान्त्रिक समूह (CDEN) का उम्मेद्वारहरु
निर्वाचन मिती
भाद्र
२८
क्र.सं. ६
इ. सुवास चन्द्र बराल
केन्द्रीय अध्यक्ष
९८५११६६७२५
क्र.सं. २
इ. नविन राज जोशी
सभापति
९८४९१८३७४८
क्र.सं. २
इ. पूर्ण कुँवर
सुदुरपश्चिम प्रदेश केन्द्रीय सदस्य
९८५११८४७४८
क्र.सं. २
इ. प्रकाश उप्रेती
उप-सभापति
९८४११९४२६६२
क्र.सं. २
इ. सरोज देउवा
सचिव
९८६८५५८९८७
क्र.सं. २
इ. सौरभ कलौनी
सहसचिव
९८४३५७६०६२
क्र.सं. २
इ. कलेन्द्र खड्का
कोषाध्यक्ष
९८४८४७४८९४
सदस्यहरू
क्र.सं. ११
इ. जनक ब. खड्का
९८४२२३९९८६
क्र.सं. १२
इ. सन्तोष चन्द
९८६०३८२१४७
क्र.सं. १३
इ. रमन बडैला
९८५८४८८५७९
क्र.सं. १४
इ. राजेन्द्र साउँद
९८४९१५१३७५
क्र.सं. १५
इ. हेमराज भण्डारी
९८४८७०४१६८
क्र.सं. १६
इ. मनोरम जोशी
९८४८४९७४५४
क्र.सं. १७
इ. फणेन्द्र मडै
९८६०६१६८३९
क्र.सं. १८
इ. खडक ब. रोकाया
९८६०५०६६१६
क्र.सं. १९
इ. ईश्वर ओझा
९८४८६८२७२३
क्र.सं. २०
इ. करन ब. धामी
९८६०४२३३०७